*सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरी सार्वजनिक गरिएको*

*(स्वतः प्रकाशन)*

## *आर्थिक वर्ष २०८२/८३ को*

# चौथो त्रैमासिक प्रतिवेदन

## (२०८३ वैशाख-असार)




*(सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार)*

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| क्र.स. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | ३ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | ४ |
| ३. | कार्यालयमा रहने कर्मचारी विवरण | ६ |
| | सङ्गठन संरचना | ६ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा, सचिवालय र हाल कार्यरत पदाधिकारीहरू | १० |
| | २०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण | ११ |
| | अवकाशबाट निवृत्त कर्मचारीहरूको विवरण | ११ |
| | यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण | १२ |
| | यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण | १२ |
| ५. | सम्पादन गरेका मुख्य(मुख्य कामको विवरण (सारांश) | १३ |
| | ५.१ मुख्यसचिवको सचिवालय | १६ |
| | ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा, | १९ |
| | ५.३ प्रशासन शाखा | १९ |
| | ५.४ आर्थिक प्रशासन शाखा | २१ |
| | ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा | २१ |
| | ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा | २२ |
| | ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | २३ |
| | ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | २४ |
| | ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | २५ |
| | ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | २५ |
| | ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा | २७ |
| | ५.१२ सूचना प्रविधि शाखा | २८ |
| | ५.१३ हेलो सरकार शाखा | २९ |
| | ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा | ३० |
| | ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | ३१ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | ३२ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३३ |
| ८. | वित्तीय प्रगति विवरण | ३४ |
| ९. | कार्यालयको वेबसाइट | ३४ |
| १०. | यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या | ३५ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवम् व्यवस्थापनको समन्वय गर्ने निकाय हो। शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ। मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई संस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयमा पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्ने लगायतका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यका साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य समेत यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई विभिन्न कार्य जिम्मेवारी तोकिएका छन्। यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्)का कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ।

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद् सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र शासकीय सुधारसम्बन्धी नीति, योजना र समन्वय;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. सङ्घीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचार नियन्त्रण तथा सदाचार सम्बन्धी नीति, रणनीति र कानून कार्यान्वयन;

१७. सङ्घीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

१८. प्रदेश प्रमुखसम्बन्धी;

१९. परराष्ट्र तथा सुरक्षा मामिला;

२०. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

२१. संवैधानिक परिषद्;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग;

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय;

२६. राष्ट्रिय योजना आयोग;

२७. लगानी बोर्ड;

२८. राष्ट्रिय अनुसन्धान विभाग;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. राष्ट्रिय तथ्याङ्क कार्यालय;

३३. विषय विज्ञ समूह;

३४. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३५. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

३६. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

३७. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

३८. सूचना प्रविधि तथा विद्युतीय शासन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन तथा नियमन;

३९. सूचना प्रविधिको प्रवर्द्धन;

४०. सूचना प्रविधिसम्बन्धी संस्थाहरू;

४१. साइबर सुरक्षा, डाटा सुरक्षा, डाटा गभर्नेन्स;

४२. कृत्रिम बुद्धिमत्ता (एआई);

४३. सूचना प्रविधि तथा विद्युतीय (डिजिटल) शासन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग गरिने सन्धि, सम्झौता, सम्पर्क, समन्वय र कार्यान्वयनको अनुगमन;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, बोर्ड, केन्द्र, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकील समूहको सेवा सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकारको प्रयोग।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### सङ्गठन संरचना

कार्यालयको वर्तमान साङ्गठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन्। यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ३१ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ। मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने तीन जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्यबोझ अनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ। यस कार्यालयको दरबन्दी विवरण र सङ्गठन संरचना यस प्रकार रहेको छ।

### स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | - | - | - | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | - | - | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | - | - | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | - | - | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | - | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | – | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | – | – | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | – | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| | **जम्मा** | | | | | १७२ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा, सचिवालय र हाल कार्यरत पदाधिकारीहरू

| **मुख्यसचिव श्री गोविन्द बहादुर कार्की** | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री प्रदिप परियार<br>उपसचिव श्री तुलाराज सुनुवार |
| २. मुख्यसचिवको सचिवालय | |
| **शासकीय मामिला क्षेत्र** | |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री उमेश कुमार राई |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव श्री आदेश खड्का** |
| (क) सूचना प्रविधि शाखा | |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री कृष्ण सापकोटा |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री हेमराज अर्याल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री मञ्जु कुमारी जैसी ढकाल |
| (घ) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | उपसचिव श्री हरि प्रसाद दाहाल |
| **४. शासकीय सुधार महाशाखा** | |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री जीवन चन्द्र राई |
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री वासुदेव खनाल |
| (ग) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री हरि प्रसाद गुरागाई |

| विकास व्यवस्थापन क्षेत्र | सचिव श्री किरणराज शर्मा |
|---|---|
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री कवीन्द्र नेपाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री गोविन्द प्रसाद गौतम |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री राजन भट्टराई |
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री रेखा पाण्डे के.सी. |
| **२. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा** | **सहसचिव श्री नवराज ढकाल** |
| (क)सामाजिक विकास शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई श्री निरोज दाहाल |
| **३. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा** | **सहसचिव श्री केशवराज सुवेदी** |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री अम्बिका राई |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | उपसचिव (तथ्याङ्क) श्री कमल पौडेल |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री पुष्कर सापकोटा** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री लिलाधर सुवेदी** |
| (क)कानून शाखा | |
| (ख)फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनुका घिमिरे |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री रामजी दनाइ** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री टोप बहादुर बिष्ट |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री विमला पौडेल |

**२०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण**

**अवकाशबाट निवृत्त कर्मचारीहरूको विवरण**

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री सुमनराज अर्याल | मुख्यसचिव |

| | | |
|---|---|---|
| २. | श्री खगेन्द्र प्रसाद नेपाल | सचिव |
| ३. | डा.कृष्णहरि पुष्कर | सचिव |

**यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण**

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री हरिप्रसाद मैनाली | सचिव |
| २. | श्री डिल्लीराम शर्मा | सचिव |
| ३. | श्री लोकनाथ पौड्याल | सचिव |
| ४. | डा.कृष्णहरि पुष्कर | सचिव |
| ५. | डा.गोविन्द प्रसाद शर्मा | सचिव |
| ६. | श्री प्रदिप परियार | सहसचिव |
| ७. | श्री आदेश खड्का | सहसचिव (प्रा.) |
| ८. | श्री अनन्त कुमार गौतम | शाखा अधिकृत |
| ९. | श्री बोधराज बराल | कम्प्युटर इन्जिनियर |
| १०. | श्री शिव कार्की | शाखा अधिकृत |
| ११. | श्री दीपक शर्मा | शाखा अधिकृत (परराष्ट्र सेवा) |

**यस कार्यालयबाट  सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण**

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री मुकेश रेग्मी | सहसचिव |
| २. | डा.भीष्म कुमार भूसाल | सहसचिव |
| ३. | श्री यमलाल भूसाल | सहसचिव |
| ४. | श्री भुदेव झा | उपसचिव |
| ५. | श्री कला कुमारी गैह्रे | उपसचिव |
| ६. | श्री राजेन्द्र कुमार लम्साल | उपसचिव (कानून) |
| ७. | श्री रेबन्तबहादुर के.सी. | शाखा अधिकृत (परराष्ट्र) |
| ८. | श्री कुल प्रसाद भट्टराई | शाखा अधिकृत |
| ९. | डा.प्रकाश भट्टराई | ना.सु. |

## ५.सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाबाट आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (२०८३ वैशाख-असार मसान्तसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरू:

- ✓ जेन्जी आन्दोलन पछिको सेवा प्रवाह, विकास निर्माण लगायतका क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गर्न सचिव बैठकमा आवश्यक निर्देशन, छलफल र अन्तरक्रिया गरिएको।
- ✓ अनियमितता तथा ढिलासुस्ती हटाई पारदर्शी निर्णय प्रकृया मार्फत सुशासन प्रवर्द्धन र भ्रष्टाचार निवारणको लागि कार्यालय प्रमुखलाई थप जवाफदेही बनाउन निर्देशन दिइएको।
- ✓ सरकारका १०० कार्यसूचीको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मन्त्रालय/निकायसँग समन्वय, साप्ताहिक प्रगति समिक्षाका साथै समयमै कार्यान्वयन गर्न निर्देशन एवम् सहजीकरण गरिएको।
- ✓ बेरूजु फस्यौंट अनुगमन समितिको विभिन्न बैठकबाट तत्काल बेरूजु फस्यौंटको कारवाही गर्न र असुल उपर गर्नुपर्ने बेरूजुको लगत राख्न सबै मन्त्रालय/ निकायलाई निर्देशन दिइएको।
- ✓ २०८३ साल वैशाख १ गतेदेखि असार मसान्तसम्म २१ वटा मन्त्रिपरिषद् बैठक बसी ३८४ वटा निर्णयहरू भएको।
- ✓ यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ८ वटा बैठक सम्पन्न भई १२ वटा निर्णयहरू भएको।
- ✓ यस कार्यालय र मातहतका कार्यालयको O&M सम्बन्धी कार्यलाई अन्तिम रूप दिइएको।
- ✓ नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- ✓ २०८३/१२/३० देखि २०८३/१/७ सम्म "शून्य बाँकी फाइल" (Zero Pending Week) अभियान सञ्चालन गराउने व्यवस्थाका लागि सो सम्बन्धी मार्गदर्शन, २०८२ लाई सबै मन्त्रालय/निकाय/आयोग/स्थानीय तहहरूमा पत्राचार गरी सोको एकीकृत प्रगति प्रतिवेदन माग गरिएको।
- ✓ कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-engineering:BPR) कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३ कार्यान्वयन गर्ने सम्बन्धमा सबै मन्त्रालय/आयोग/सचिवालय/ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहहरूलाई पत्राचार गरिएको।

जनशक्ति व्यवस्थापन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-engineering) कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३ बमोजिम BPR कार्यान्वयनका लागि प्रक्रिया सुधार कार्यदल गठन गरिएको।

- ✓ यस वर्षको चौथो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ ६८.२६ प्रतिशत र चालू तर्फ १७.०७ प्रतिशत भएको छ।
- ✓ सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा प्राप्त भएका ४९ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- ✓ संसदको रिपोर्टिङ कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि सबै मन्त्रालयबाट टिपोटका लागि खटिएका कर्मचारीहरूसँग समन्वय बैठक गरिएको।
- ✓ भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको कालिगण्डकी कोरिडोर (गैंडाकोट खण्ड), नारायणगढ-बुटवल पश्चिम खण्ड लगायतका आयोजनाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिएको।
- ✓ लामो समयदेखि अलपत्र परेका, रुग्ण अवस्थामा रहेका तथा समयमा सम्पन्न हुननसकेका आयोजना सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा कार्यदल गठन भई हालसम्म ५७८ वटा ठेक्काको विस्तृत विश्लेषण र समाधानका उपायसहितको प्रतिवेदन पेश भएको।
- ✓ मिति २०८३/२/२७ मा सम्माननीय प्रधानमन्त्रीज्यूका नीति,प्रशासन तथा सुशासन सल्लाहकारको विशेष उपस्थितिमा हेटौडा कपडा उद्योग पुनःसञ्चालन सम्बन्धी छलफल भई निर्णयहरू भएको, उक्त निर्णयबमोजिम मिति २०८३/३/१६ गते हेटौडा कपडा उद्योगको स्थलगत अवलोकन भएको।
- ✓ मिति २०८३/३/१८ गतेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री कार्यसम्पादन एकाई(सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन,२०८३ स्वीकृत भएको।
- ✓ राष्ट्रिय मल नीति, २०५८ को अध्ययन/परीक्षण गरी प्रारम्भिक प्रतिवेदन पेस गरिएको।
- ✓ सम्बन्धित मन्त्रालयहरुबाट नेपाल सरकारका राष्ट्रिय नीतिहरुको विवरण संकलन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा रहेका राष्ट्रिय नीतिहरुको विवरण अद्यावधिक गरिएको।
- ✓ शासकीय सुधार संवाद श्रृङ्खलाको ३ (तीन) वटा कार्यक्रम क्रमश: सिराहा, उदयपुर र सोलुखुम्बु जिल्लामा सम्पन्न गरेको।

- ✓ सार्वजनिक निकायमा खर्च मितव्ययिता कायम गर्नको लागि सबै सङ्घीय मन्त्रालय/विभाग/कार्यालय, प्रदेश सरकार एवम् स्थानीय तहमा परिपत्र गरिएको।
- ✓ नेपाल सरकारबाट जारी गरिएको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ३ मा उल्लिखित विषय पूरा गर्न तयार गरिएको राष्ट्रिय प्रतिवद्धता नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/३/१८ को बैठकबाट स्वीकृत भएको।
- ✓ मिति २०८३/२/४ देखि ६ गतेसम्म Asia Pacific Group on Money Laundering (APG) को नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय सम्बद्ध निकायहरूको सहभागितामा International Cooperation Review Group (ICRG) ले तय गरेका Action Plan को प्रगति, प्रमुख सुझावका कार्यहरूको कार्यान्वयन (Strategic Implementation Planning-SIP) अवस्था र आगामी रणनीतिबारे नेपाल सरकारका उच्च पदस्थ पदाधिकारीहरू, सरोकारवाला निकायका प्रमुखहरू, सूचक संस्थाका प्रतिनिधिहरू एवम् उच्चस्तरीय टोलीसँगको छलफल कार्यक्रम सम्पन्न भएको।
- ✓ मन्त्रालयगत प्रगति विवरण, २०८३ को लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको एकीकृत विवरण तयार गरी अर्थ मन्त्रालयलाई उपलब्ध गराइएको।
- ✓ सरकारी निकायमा ज्ञान व्यवस्थापनलाई स्वचालित र व्यवस्थित गर्न संस्थागतस्मृति सञ्चालन तथा हस्तान्तरण (Institution Memory Operation and Hanover) ढाँचा, २०८३ श्रीमान् मुख्य सचिवज्यूबाट स्वीकृत भएको।
- ✓ नेपाल सरकारका मन्त्रालय तथा निकायले नीति तथा कार्यक्रम, मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली(LMBIS)मा स्वीकृत वार्षिक बजेट तोकिएको समय सीमाभित्र नतिजा हासिल गर्नेगरी कार्यान्वयन गर्न तथा सम्बन्धित निकायबाट सम्पादन भइरहेका कार्यक्रमको बुझाइमा एकरूपता कायम गरी संस्थागत स्मृतिलाई समेत निरन्तरता दिन स्वीकृत कार्यक्रमको अवधारणापत्र तयार गर्न सहयोग पुग्ने गरी अवधारणा पत्र सम्बन्धी नमुना मार्गदर्शन, २०८३ श्रीमान् मुख्य सचिवज्यूबाट स्वीकृत गरी कार्यान्वयन गरिएको।
- ✓ गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति प्रयोजनार्थ कार्यक्षेत्रगत शर्तहरु बमोजिमको Omni channel तयार गरिएको।
- ✓ हेलो सरकार शाखामा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, एक्स, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थित भएर) बाट यस त्रैमासिकमा प्राप्त ४४,३४० गुनासोहरू आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाईएको।
- ✓ उपरोक्तबमोजिम त्रैमासिकमा प्राप्त ४४,३४० गुनासोमध्ये सम्बन्धित निकायबाट १७,३५४ गुनासो समाधान भई आएकोमा १५,७९५ गुनासो फछ्यौंट भएको र सोही

अवधिमा हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा दर्ता भएका कुल गुनासोहरूबाट यस त्रैमासिक अघिका १६,२७२ गुनासो फछ्यौंट भई जम्मा ३२,०६७ गुनासो फछ्यौंट भएको।

- ✓ सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १५२ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- ✓ मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८३/८४-२०८७/८८) को मस्यौदाका बारेमा सुदुरपश्चिम, कर्णाली, लुम्बिनी र कोशी प्रदेशमा छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राय सुझाव संकलन गरिएको र नेपाल सरकारका मुख्य सचिवज्यूको समुपस्थितिमा संघीय मन्त्रालय, संवैधानिक आयोग र सम्बद्ध सरकारी निकायहरूको उपस्थितिमा उक्त मस्यौदा उपर छलफल गरी प्राप्त हुन आएका राय सुझावलाई समेटी कार्ययोजनालाई अन्तिम रुप दिई नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/३/२४ मा कार्ययोजना स्वीकृत भएको।
- ✓ भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/३/२४ मा स्वीकृत भएको।

## ५.१ मुख्यसचिवको सचिवालय

---

- **नेपाल सरकार मन्त्रिपरिषद्को बैठक र मन्त्रिपरिषद्को समितिको बैठकको लागि समन्वय**
  - ➢ यस अवधिमा मन्त्रिपरिषद्को २१ वटा र मन्त्रिपरिषद् समितिको ८ वटा बैठकहरूमा मुख्यसचिवको सहभागिताको लागि समय व्यवस्थापनको कार्य गरिएको।

- **मध्यपूर्वमा विकसित घटनाक्रम पछिको परिस्थितिका सम्बन्धमा समन्वय बैठक**
  - ➢ मध्यपूर्वमा विकसित घटनाक्रम र यसबाट त्यहाँ रहेका नेपालीहरुमा पर्न सक्ने संभावित प्रभाव लगायतका विषयमा विभिन्न चरणमा छलफल गरी नेपालीको आवश्यक सुरक्षाका लागि निरन्तर समन्वयको पहल गरिएको।

- **नेपाल सरकार सचिव बैठकको लागि समन्वय तथा निर्णयहरुको कार्यन्वयनको Follow Up**
  - ➢ यस अवधिमा १ वटा सचिव बैठक बसी उक्त बैठकबाट भएका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको। सो बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका लागि सचिवालयबाट निरन्तर अनुगमन गरिएको।

- संवैधानिक परिषद्को वैठक, सिफारिस तथा नियुक्ति सम्बन्धी कार्य भएको।

- **विकास व्यवस्थापन/ समन्वयसम्वन्धी कार्य**
  - सङ्घीय संसद भवनको निर्माण कार्यको नियमित अनुगमन गरी शीघ्र सम्पन्न गर्न निर्देशन दिइएको।
  - राजनीति र प्रशासनको अन्तरसम्वन्ध विकासको मोडालिटी, विकासको सहजीकरणको लागि कानूनी सुधार र नतिजा व्यवस्थापनलाई तथ्यपरक एवम् जवाफदेही बनाउने गरी कार्य गर्न मुख्यसचिवबाट आयोजना भएका बैठकको सञ्चार, समन्वय र सहजीकरणको कार्य गरिएको।
  - राष्ट्रिय सहिद तथा शान्ति पार्क, निजामती (स्मारक) निर्माणको लागि बजेट तथा कार्यक्रम सम्बन्धी छलफल गरी आगामी बजेटको लागि पहल गरिएको।

- **सुशासन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी निर्णयहरुको Follow Up**
  - जेन्जी आन्दोलन पछिको सेवा प्रवाह, विकास निर्माण लगायतका क्षेत्रमा प्रभावकारिता अभिवृद्धि गर्न सचिव बैठकमा आवश्यक निर्देशन, छलफल र अन्तरक्रिया गरिएको।
  - अनियमितता तथा ढिलासुस्ती हटाई पारदर्शी निर्णय प्रकृया मार्फत सुशासन प्रवर्द्धन र भ्रष्टाचार निवारणको लागि कार्यालय प्रमुखलाई थप जवाफदेही बनाउन निर्देशन दिइएको।
  - विभिन्न नीति निर्माणका लागि नीति प्रयोगशालामा छलफल गरी आवश्यक सुझाव दिइएको।
  - सरकारका १०० कार्यसूचीको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न मन्त्रालय/निकायसँग समन्वय, साप्ताहिक प्रगति समिक्षाका साथै समयमै कार्यान्वयन गर्न निर्देशन एवम् सहजीकरण गरिएको।
  - निजामती कर्मचारी अस्पताल विकास समितिको विभिन्न बैठकबाट अस्पताल सुधार, क्षमता विस्तार र कर्मचारीको व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको।
  - बेरूजु फस्यौंट अनुगमन समितिको विभिन्न बैठकबाट तत्काल बेरूजु फस्यौंटको कारवाही गर्न र असुल उपर गर्नुपर्ने बेरूजुको लगत राख्न सबै मन्त्रालय/ निकायलाई निर्देशन दिइएको।
  - व्यापार लजिष्टिक्स नीति, २०७९ बमोजिमको समन्वय समितिको बैठक सम्पन्न भएको।

- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मार्गदर्शक सिद्धान्त जारी गरी सो अनुरुप संरचानात्मक सुधारको लागि समन्वय गरिएको।

- **अभिलेख व्यवस्थापन**
  - नेपाल सरकारका मुख्यसचिवलाई सम्बोधन गरी सचिवालयमा प्राप्त पत्रहरु मुख्यसचिव समक्ष पेश गरी निकासा भएबमोजिम Online प्रणाली मार्फत कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभागीय मन्त्रालयका सचिवहरू समक्ष पठाइएको।
  - नेपाल सरकारका वहालवाला सचिव तथा विभागीय प्रमुखहरुको विवरण अद्यावधिक गरी अभिलेख गरिएको।

- **बैठक व्यवस्थापन**
  - सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा हुने बैठक/छलफल/कार्यक्रमहरूमा मुख्य सचिवको सहभागिताको लागि समय व्यवस्थापन गरिएको र नेपाल सरकारका सचिवहरूको समेत सहभागिता हुनुपर्ने विषयका बैठकहरूका लागि आवश्यक सञ्चार र समन्वय गरिएको।
  - नेपाल सरकारको सचिव बैठक र मुख्य सचिवको निर्देशन आनुसार बोलाइएका अन्य बैठकहरुको व्यवस्थापन सम्वन्धी कार्य गरिएको।
  - प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका विभिन्न विषयगत समितिबाट मुख्यसचिवको सहभागिताका लागि अनुरोध भई आएबमोजिम मुख्यसचिवको बैठकमा सहभागिताको लागि समय व्यवस्थापन, तयारी, सञ्चार समन्वयको कार्य गरिएको।

- **विविध**
  - विभिन्न देशका कुटनीतिक पदाधिकारीसँग भेटघाट तथा छलफल कार्यक्रमको लागि आवश्यक समन्वय गरिएको ।
  - यस सचिवालयमा प्राप्त भएका दैनिक/साप्ताहिक सुरक्षा प्रतिवेदनको अध्ययन, Briefing गरी अभिलेख व्यवस्थापन गरिएको ।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

- २०८३ साल वैशाख १ गतेदेखि असार मसान्तसम्म २१ वटा मन्त्रिपरिषद् बैठक बसी ३८४ वटा निर्णयहरू भएको।
- यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ८ वटा बैठक सम्पन्न भई १२ वटा निर्णयहरू भएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्)को विभिन्न बैठकबाट यस अवधिमा जम्मा ९८ निर्णयहरू प्रणाली (ICAS) मार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन भइरहेको।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## जनशक्ति व्यवस्थापन महाशाखा

### ५.३ प्रशासन शाखा

- यस कार्यालयको वार्षिक विकास कार्यक्रममा विनियोजित बजेटबाट स्वजागरण मार्फत क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको।
- यस कार्यालय र मातहतका कार्यालयको O&M सम्बन्धी कार्यलाई अन्तिम रूप दिइएको।
- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- सम्पत्ति छानविन आयोग, २०८३ सँग आवश्यक समन्वय एवम् स्रोत साधन व्यवस्थापनमा सहजीकरण गरिएको।
- मन्त्रालयअन्तर्गत सवारी साधन व्यवस्थापनमा सहजीकरण गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुदृढीकरणको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशक समिति गठन भएको।
- २०८३/१२/३० देखि २०८३/१/७ सम्म "शून्य बाँकी फाइल" (Zero Pending Week) अभियान सञ्चालन गराउने व्यवस्थाका लागि सो सम्बन्धी मार्गदर्शन,

२०८२ लाई सबै मन्त्रालय/निकाय/आयोग/स्थानीय तहहरूमा पत्राचार गरी सोको एकीकृत प्रगति प्रतिवेदन माग गरिएको।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिमका सार्वजनिक खरिद पूनरावलोकन समितिका पदाधिकारी रिक्त भएकोमा पदपूर्तिका लागि शासकीय मामिला क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा स्क्रिनिङ समिति गठन गरी सो समितिको सिफारिस भएका मध्येबाट पदाधिकारीहरूको नियुक्ति समेत सम्पन्न भएको।
- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ को कार्यान्वयनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मार्गदर्शक सिद्धान्त कार्यान्वयनका लागि सबै मन्त्रालयहरूमा पठाइएको।
- कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-engineering:BPR) कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३ कार्यान्वयन गर्ने सम्बन्धमा सबै मन्त्रालय/आयोग/सचिवालय/ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहहरूलाई पत्राचार गरिएको। जनशक्ति व्यवस्थापन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा कार्यप्रक्रिया पुनर्संरचना (Business Process Re-engineering) कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३ बमोजिम BPR कार्यान्वयनका लागि प्रक्रिया सुधार कार्यदल गठन गरिएको।
- नेपाल सरकारको शासकिय सुधार सम्बन्धी एक सय कार्यसूचीहरूको कार्यान्वयनका सम्बन्धमा सबै मन्त्रालय, निकायहरूबाट नियमित रूपमा विवरण सङ्कलन गर्ने, समन्वय गर्ने कार्य गरिएको।
- नेपाल सरकारका विभिन्न निकायहरुः राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरीको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न मन्त्रालयमा पुलमा रहेका सवारी साधन उपलब्ध गराइएको।
- सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाइ प्रविधि मैत्री बनाउन तथा विभिन्न निकायमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीहरूको सुदृढीकरण र अन्तर आबद्धताका लागि सम्माननीय प्रधानमन्त्रीज्यूका सूचना प्रविधि सल्लाहकारको संयोजकत्वमा पाँच सदस्यीय सूचना प्रविधि कार्यदल गठन गरिएको।
- सुशासन कायम गर्न सबै मन्त्रालय/आयोग/सचिवालयलाई तपसिलबमोजिम परिपत्र गरिएको:
    - शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन कार्यान्वयन सम्बन्धमा।

- BPR कार्यान्वयन सम्बन्धी मार्गदर्शन कार्यान्वयन सम्बन्धमा।
- शून्य बाँकी फाइलको प्रगति पठाउने सम्बन्धमा।
- वैदेशिक भ्रमण सम्बन्धमा।
- नदीजन्य तथा खानीजन्य पदार्थको सदुपयोग सम्बन्धमा।

## ५.४ आर्थिक प्रशासन शाखा

- आ.व. ०८२/८३ को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष (विविध)को बैशाख महिनासम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको छ।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको छ।
- यस वर्षको चौथो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ ६८.२६ प्रतिशत र चालू तर्फ १७.०७ प्रतिशत भएको छ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरुको आ.व. ०८२/८३ चौथो त्रैमासिक सम्मको बेरुजु लगत अद्यावधिक गरिएको छ।

***(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ।)***

## ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा प्राप्त भएका ४९ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेको पुनरावेदन निवेदनको सम्बन्धमा १ वटा लिखित जवाफ तयार गरी आयोगमा पठाइएको। साथै, राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम १ (एक) वटा स्वतः प्रकाशन सार्वजनिक गरिएको।
- प्रतिनिधि सभा र राष्ट्रिय सभाको अधिवेशनमा उठेका सवालहरूको नियमित रुपमा टिपोट गरी एकीकृत विवरण तयार गरी रिपोर्टिङ गरिएको।
- संसदको रिपोर्टिङ कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि सबै मन्त्रालयबाट टिपोटका लागि खटिएका कर्मचारीहरूसँग समन्वय बैठक गरिएको।

- आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र यस कार्यालय र अन्तर्गतको विनियोजित बजेट सम्बन्धमा संघीय संसद्का दुबै सदनमा उठेका सवालहरूको जवाफको मस्यौदा तयार गरिएको।
- सूचनाको हकको कार्यान्वयनको अवस्थाका बारेमा सिन्धुपाल्चोक र दोलखा जिल्लाका ७ वटा सरकारी कार्यालयहरूको अनुगमन गरिएको।

## सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा

### ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा

- सार्वजनिक पदाधिकारीहरूको पदमुक्तिसम्बन्धी विशेष अध्यादेश, २०८३ बमोजिम त्रिभुवन विश्वविद्यालय लगायतका विश्वविद्यालयहरूका पदाधिकारीहरूलाई मिति २०८३/१/१९ देखि लागु हुनेगरी पदमुक्त भएको सूचना दिइएको।
- सम्माननीय प्रधानमन्त्री एवम् कुलपतिज्यूको मिति २०८३/३/१७ गतेको निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत सातवटा विश्वविद्यालयका उपकुलपति पदमा र मिति २०८३/३/१७ को निर्णयअनुसार त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष र सदस्य पदमा नियुक्ति गरिएको।
- व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानबाट प्रदान गरिने तालिमको प्रभावकारिताबारे अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्रियाकलाप डेस्क मोडलबाट सम्पादन भएको।
- भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको कालिगण्डकी कोरिडोर (गैंडाकोट खण्ड), नारायणगढ-बुटवल पश्चिम खण्ड लगायतका आयोजनाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिएको।
- विकास आयोजनाहरुको Fast Track Mechanism तयार गरी मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको।
- परियोजना सहजीकरण ऐन सम्बन्धि छाता कानुन सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट सुझाव प्रतिवेदन प्राप्त भई कानुन तर्जुमा कार्यदल गठन गरिएको।
- सार्वजनिक खरिद ऐन संशोधन भई राजपत्रमा प्रकाशन भैसकेको।
- लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रक्रिया सम्बन्धी कार्य भैरहेको।
- लामो समयदेखि अलपत्र परेका, रुग्ण अवस्थामा रहेका तथा समयमा सम्पन्न हुन नसकेका आयोजना सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका

सचिवको अध्यक्षतामा कार्यदल गठन भई हालसम्म ५७८ वटा ठेक्काको विस्तृत विश्लेषण र समाधानका उपायसहितको प्रतिवेदन पेश भएको।

- राष्ट्रिय गौरवका तथा ठूला रणनीतिक आयोजनाहरुको सम्बन्धि प्रक्रियाहरुलाई "Fast Track Mechanism" अन्तर्गत सञ्चालन गर्ने सम्बन्धमा अवधारणा पत्र तयार गरी सो बमोजिम भूमि, गृह र वन मन्त्रालयबाट भएको काम यस कार्यालयबाट अनुगमन भैरहेको। IEE, EIA प्रतिवेदन fast track मा कार्यान्वयन गर्न सहजीकरण बोर्डको बैठक बसेको र ३ वटा कार्यदल गठन भई प्रतिवेदन प्राप्त भएको।
- राष्ट्रिय गौरवका आयोजना तथा लगानी बोर्डमा दर्ता भएका सम्पूर्ण परियोजनाहरुको लगानीको ढाँचा (Investment Modality) अनिवार्य रुपमा निर्धारण गर्ने सम्बन्धमा अर्थ मन्त्रालयबाट कार्यदल गठन भई प्रारम्भिक प्रतिवेदन तयार गरी सो उपर छलफल भएको।
- एकीकृत खानेपानी समन्वय टास्कफोर्स गठन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश भएको।
- राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको विवरण सबै मन्त्रालयबाट उपलब्ध भईसकेको।
- मन्त्रालय वा मातहतमा स्वीकृतिको लागि पेश भई हाल प्रक्रियामा रहेका विभिन्न आयोजना/ योजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन(BES/IEE/EIA) सम्बन्धमा सबै मन्त्रालयबाट विवरण उपलब्ध भईसकेको।
- सबै मन्त्रालयबाट आयोजना/कार्यक्रम कार्यान्वयनको पूर्व तयारी (status paper) सम्बन्धी विवरण प्राप्त भएको।

## आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा

### ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा

- मिति २०८३/२/२७ मा सम्माननीय प्रधानमन्त्रीज्यूका नीति,प्रशासन तथा सुशासन सल्लाहकारको विशेष उपस्थितिमा हेटौंडा कपडा उद्योग पुनःसञ्चालन सम्बन्धी छलफल भई निर्णयहरू भएको, उक्त निर्णयबमोजिम मिति २०८३/३/१६ गते हेटौंडा कपडा उद्योगको स्थलगत अवलोकन भएको।

- मिति २०८३/३/१८ गतेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री कार्यसम्पादन एकाई(सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन,२०८३ स्वीकृत भएको।
- महाशाखासँग सम्बन्धित मन्त्रालयहरूको एकीकृत विवरण सहितको Ministry Profiling को काम सुरू गरिएको।
- संघीय सरकार र कोशी प्रदेश सरकारको आ.व. २०८२/८३ र २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको डेस्क रिभ्यू गरी प्रतिवेदन तयार भएको।
- राष्ट्रिय मल नीति, २०५८ को अध्ययन/परीक्षण गरी प्रारम्भिक प्रतिवेदन पेस गरिएको।
- सम्बन्धित मन्त्रालयहरुबाट नेपाल सरकारका राष्ट्रिय नीतिहरुको विवरण संकलन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा रहेका राष्ट्रिय नीतिहरुको विवरण अद्यावधिक गरिएको।
- सबै मन्त्रालयहरुमा राष्ट्रिय नीति सम्बन्धी कार्यको समन्वयको लागि फोकल अधिकृतको व्यवस्था गरी विवरण अद्यावधिक गरिएको।
- राष्ट्रिय नीतिहरुको परीक्षण/अध्ययन प्रतिवेदनको ढाँचा तयारी र स्वीकृत गरी सम्पूर्ण सरोकारवाला निकायहरुलाई परिपत्र गरिएको।
- राष्ट्रिय नीति तर्जुमाका आधारभूत पक्षहरू तयारी र स्वीकृत गरी सम्पूर्ण सरोकारवाला निकायहरुलाई परिपत्र गरिएको।
- राष्ट्रिय संस्कृति नीति, २०८३ र राष्ट्रिय झोलुङ्गे पुल नीति, २०८३ को मस्यौदा उपर नीति प्रयोगशाला निर्देशक समितिको बैठकमा छलफल गरी राय/सुझाब पठाइएको।

## शासकीय सुधार महाशाखा

### ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३ असार २ गते बसेको सचिव बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको।
- यस शाखामा आएका विभिन्न अनियमितता, भ्रष्टाचार सम्बन्धी उजुरी तथा गुनासोहरू प्राप्त भएकोमा अध्ययन गरी नियमानुसार गुनासोहरू छानविन तथा आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको र आवश्यकता अनुसार फलोअप गरिएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रहरु सम्बन्धित मन्त्रालय वा निकायमा आवश्यक कार्यार्थ पठाइएको।

- शासकीय सुधार संवाद श्रृङ्खलाको ३ (तीन) वटा कार्यक्रम क्रमश: सिराहा, उदयपुर र सोलुखुम्बु जिल्लामा सम्पन्न गरेको।
- आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ को कार्यान्वयनको अवस्थाको बारेमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय गरी ४ वटा मन्त्रालयहरूको अनुगमन गरी प्रगति विवरण माग गरिएको।
- सार्वजनिक निकायमा खर्च मितव्ययिता कायम गर्नको लागि सबै सङ्घीय मन्त्रालय/विभाग/कार्यालय, प्रदेश सरकार एवम् स्थानीय तहमा परिपत्र गरिएको।
- यस कार्यालयमा कानुनबमोजिम सम्पत्ति विवरण बुझाउने भनी तोकिएका पदाधिकारी/कर्मचारीहरूको यस शाखामा प्राप्त सम्पत्ति विवरण सङ्कलन गरी अभिलेखीकरण गरिएको।

## ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- मिति २०८३/३/१६ गते गण्डकी प्रदेशको पोखरामा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू, प्रदेशका माननीय मन्त्रीज्यूहरू, प्रदेशका प्रमुख सचिव एवं प्रदेश मन्त्रालयका सचिवज्यूहरूको उपस्थितिमा प्रदेश समन्वय परिषद् तथा प्रदेश विषयगत समितिहरूको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको। साथै नेपाल सरकारको सय दिने कार्यसूचीमा उल्लेख भएबमोजिमका कार्यहरूमध्ये प्रदेश सरकारको क्षेत्राधिकारका विषयहरू कार्यान्वयन अवस्थाको विषयमा समेत छलफल कार्यक्रम सञ्चालन गरिएको।
- जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि एकीकृत प्याकेज स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव तयार गरिएको। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/३/१८ को बैठकबाट स्वीकृत भएपश्चात् उक्त प्याकेज कार्यान्वयनको लागि नेपाल सरकारका सबै मन्त्रालयमा पत्राचार गरिएको।
- नेपाल सरकारबाट जारी गरिएको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ३ मा उल्लिखित विषय पूरा गर्न तयार गरिएको राष्ट्रिय प्रतिवद्धता नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/३/१८ को बैठकबाट स्वीकृत भएको।

## ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- मिति २०८३/२/४ देखि ६ गतेसम्म Asia Pacific Group on Money Laundering (APG) को नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय सम्बद्ध निकायहरूको सहभागितामा International Cooperation Review Group (ICRG) ले तय गरेका Action Plan को प्रगति, प्रमुख सुझावका कार्यहरूको कार्यान्वयन (Strategic Implementation Planning-SIP) अवस्था र

आगामी रणनीतिबारे नेपाल सरकारका उच्च पदस्थ पदाधिकारीहरू, सरोकारवाला निकायका प्रमुखहरू, सूचक संस्थाका प्रतिनिधिहरू एवम् उच्चस्तरीय टोलीसँगको छलफल कार्यक्रम सम्पन्न भएको।

- मिति २०८३/२/१२, २०८३/२/२५ र २०८३/३/१५ मा जिल्ला राजस्व चुहावट नियन्त्रण समन्वय समिति, सिराहा, कास्की र तनहुँको अनुगमन तथा समन्वय समितिको बैठकमा सहभागी भई राजस्व चुहावट नियन्त्रणका समस्या एवम् सुझावका सम्बन्धमा छलफल भई राजस्व चुहावटबारे अनुसन्धान तथा नियन्त्रण सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७भ. मा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा संलग्न निकायको प्रभावकारिता अभिवृद्धि गर्न बनेको समन्वय समितिको २०८३/१/३, २०८३/१/३१ मा समन्वय समितिको १४६ र १४७ औ बैठक बसेको।
- वित्तीय जानकारी इकाइ र अनुसन्धानकारी निकायको कामकारबाहीलाई प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र, राजस्व, उद्योग, भूमि लगायतका अन्य सम्पत्ति, विभिन्न निकायमा रहेका अपराधसम्बन्धी अभिलेख, धितोपत्र आदिको अभिलेख विद्युतीय माध्यमबाट आदानप्रदान हुने व्यवस्थाका लागि सम्बद्ध निकायका प्रतिनिधिहरूसँग मिति २०८३/१/३० गते समन्वयात्मक बैठक बसेको।
- मिति २०८३/२/११ गते राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०८३/२/२१ गते आन्तरिक राजस्व विभाग, २०८३/३/१२ गते नेपाल धितोपत्र बोर्ड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड र वित्तीय जानकारी इकाईसँग समन्वयात्मक बैठक बसी विद्युतिय माध्यमबाट अभिलेख आदानप्रदान गर्ने कार्य अगाडी बढाउन सम्बद्ध निकायका प्राविधिक टोलीबाट कार्य भैरहेको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा मिति २०८३/२/२५ गते पोखरामा वित्तीय जानकारी इकाईको आयोजनामा कास्की जिल्लाका सूचक संस्था (सहकारी संस्था)हरूलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण (AML/CFT) तथा goAML Reporting सम्बन्धी अनुशिक्षण/अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको।

## नतिजा व्यवस्थापन महाशाखा

## ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक २०८३/२/७ गते सम्पन्न गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- मन्त्रालयगत प्रगति विवरण, २०८३ को लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको एकीकृत विवरण तयार गरी अर्थ मन्त्रालयलाई उपलब्ध गराइएको।
- यस कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम पुस्तिका तयार तथा छपाइ गरी सङ्घीय संसद सचिवालयमा उपलब्ध गराइएको।
- आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकउपर सङ्घीय संसदमा भएको छलफलमा उठेका विषयहरूको जवाफ तयार गरिएको।
- यस कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८३/८४ को लागि नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयको वार्षिक कार्ययोजना (माइलस्टोनसमेत) र कार्यसम्पादन सूचक तयार गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको।
- सरकारी निकायमा ज्ञान व्यवस्थापनलाई स्वचालित र व्यवस्थित गर्न संस्थागतस्मृति सञ्चालन तथा हस्तान्तरण (Institution Memory Operation and Hanover) ढाँचा, २०८३ श्रीमान् मुख्य सचिवज्यूबाट स्वीकृत भएको।
- नेपाल सरकारका मन्त्रालय तथा निकायले नीति तथा कार्यक्रम, मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली(LMBIS)मा स्वीकृत वार्षिक बजेट तोकिएको समय सीमाभित्र नतिजा हासिल गर्नेगरी कार्यान्वयन गर्न तथा सम्बन्धित निकायबाट सम्पादन भइरहेका कार्यक्रमको बुझाइमा एकरूपता कायम गरी संस्थागत स्मृतिलाई समेत निरन्तरता दिन स्वीकृत कार्यक्रमको अवधारणापत्र तयार गर्न सहयोग पुग्ने गरी अवधारणा पत्र सम्बन्धी नमुना मार्गदर्शन, २०८३ श्रीमान् मुख्य सचिवज्यूबाट स्वीकृत गरी कार्यान्वयन गरिएको।
- एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट हुने सङ्घीय मन्त्रालय/निकायहरूको आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्ययोजना तथा प्रमुख कार्यसम्पादन सूचक

तयार गर्न एकीकृत अनलाइन अनुगमन प्रणालीका प्रयोगकर्तालाई अभिमुखीकरण तालिम सम्पन्न गरिएको।

- मन्त्रालय/निकायलाई कार्ययोजना तयारी तथा प्रमुख कार्यसम्पादन सूचक प्रविष्टिमा सहजीकरण गरिएको।
- आर्थिक वर्ष २०८२/८३ को नीति तथा प्रमुख कार्यक्रम र बजेटको कार्ययोजना कार्यान्वयनको मासिक प्रतिवेदन तयार गरिएको।
- शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं.२ बमोजिमको कार्ययोजनाको प्रगति प्रतिवेदन तयार गरिएको।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकको निर्णय कार्यान्वयनको लागि निर्णय सम्बद्ध निकायसँग समन्वय गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको अध्यक्षतामा बसेको बैठकले गरेका विपद् जोखिम न्यूनीकरण सचेतना, पूर्वतयारी, प्रतिकार्य र उद्धार; मौसम, वर्षा, बाढी, हावाहुरी, लु र शीतलहर; वन डडेलो र मानव वन्यजन्तु द्वन्द्व; र वायु प्रदूषणसँग सम्बन्धित सार्वजनिक सूचनाको प्रसारको तीव्रता र सघनता बढाउने उपाय अवलम्बन गर्नेसम्बन्धी निर्णय कार्यान्वयनको लागि सम्बद्ध निकायसँग समन्वय गरिएको।

## सूचना प्रविधि महाशाखा

### ५.१२ सूचना प्रविधि शाखा

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको कार्यान्वयन प्रयोजनार्थ सूचना प्रविधिसँग सम्बन्धित कार्यहरुको सूची बनाई विभिन्न निकायहरुसँग सहकार्य गरी एक सय कार्यसूचीको कार्यान्वयन तथा सहजीकरण गरिएको।
- कार्यालयको नयाँ भवनमा ईन्टरनेट सञ्चालन प्रयोजनार्थ आवश्यक Networking कार्य जस्तै: Firewall, Switches, Router लगायतका उपकरण जडान गरी कार्य सम्पन्न गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाईट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको।

- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति प्रयोजनार्थ कार्यक्षेत्रगत शर्तहरु बमोजिमको Omni channel तयार गरिएको।
- एकीकृत मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतिको कार्य गरिएको।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतिका लागि कार्यक्षेत्रगत शर्तहरु प्रणालीको स्तरोन्नतिका कार्य सम्पन्न गरिएको।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेशिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको।
- सूचना प्रविधि महाशाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको।

## ५.१३ हेलो सरकार शाखा

- हेलो सरकार शाखामा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, एक्स, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थित भएर) बाट यस त्रैमासिकमा प्राप्त ४४,३४० गुनासोहरू आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाईएको।
- उपरोक्तबमोजिम त्रैमासिकमा प्राप्त ४४,३४० गुनासोमध्ये सम्बन्धित निकायबाट १७,३५४ गुनासो समाधान भई आएकोमा १५,७९५ गुनासो फछ्र्यौट भएको र सोही अवधिमा हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा दर्ता भएका कुल गुनासोहरूबाट यस त्रैमासिक अघिका १६,२७२ गुनासो फछ्र्यौट भई जम्मा ३२,०६७ गुनासो फछ्र्यौट भएको।
- आर्थिक वर्ष २०८२/८३ को साउन १ गते देखि असार मसान्त सम्म पोर्टल मार्फत सम्वन्धित निकायमा पठाइएका कूल गुनासो ६८,८७५ मध्ये ३०,५६९ गुनासो फछ्र्यौट गरिएको। सोही अवधिमा पोर्टलमा दर्ता भएको यस आर्थिक वर्ष अघिका कूल गुनासोहरूवाट ३२,९४२ गुनासो समाधान भई जम्मा ४४,९८८ फछ्र्यौट भएको।
- हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा मिति २०८३ असार महिनासम्ममा दर्ता भएका कूल गुनासो १,४१,३९१ मध्ये ८७,७९० (६२.०९%) गुनासोहरू फछ्र्यौट भएको।
- हेलो सरकार शाखाको आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८३/२/२२ गते कोशी प्रदेशस्थित झापा जिल्लाका सबै सरकारी निकायका कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीहरूको लागि हेलो सरकार पोर्टल सञ्चालन र गुनासो व्यवस्थापनसम्बन्धी प्रदेशगत अभिमुखीकरण कार्यक्रम जिल्ला समन्वय समितिको कार्यालय, झापामा सञ्चालन भएको।

## ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा

### १. लिखित जवाफ तयारी सम्बन्धीः

- सम्मानननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १५२ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

२. **तर्जुमा सम्बन्धीः** जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरणः

| क्र. सं. | तर्जुमा विवरण | नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय विवरण |
|---|---|---|
| १. | सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३ | मिति २०८३।०१।२५ को निर्णयबाट स्वीकृत। |
| २. | नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ | मिति २०८३।०१।३० को निर्णयबाट स्वीकृत। |
| ३. | नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक | मिति २०८३।०२।०५ को निर्णयबाट स्वीकृत। |
| ४. | सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ | मिति २०८३।०२।०५ को निर्णयबाट स्वीकृत। |
| ५. | प्रत्यायन नियमावली, २०८३ | मिति २०८३।०२।०५ को निर्णयबाट स्वीकृत। |
| ६. | नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक | मिति २०८३।०३।०५ को निर्णयबाट स्वीकृत। |
| ७. | सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक | मिति २०८३।०३।०५ को निर्णयबाट स्वीकृत। |
| ८. | सार्वजनिक खरिद (पन्ध्रौ संशोधन) नियमावली, २०८३ | मिति २०८३।०३।३० को निर्णयबाट स्वीकृत। |
| ९. | नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ | मिति २०८३।०३।३२ को निर्णयबाट स्वीकृत। |

| | | |
|---|---|---|
| १०. | कारागार नियमावली, २०८३ | मिति २०८३।०३।२४ को निर्णयबाट स्वीकृत। |

३. **<u>फैसला कार्यन्वयन सम्बन्धी कार्यहरू:</u>**

सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा ताकेता/पत्र गरी जम्मा ९२ थान पत्राचार भएको।

४. **<u>राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा:</u>**

यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरु (१० थान) सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आए पश्चात (१० थान) प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको।

५. फैसला कार्यान्वयनको सम्बन्धमा मकवानपुर, चितवन, झापा, मोरङ, सुनसरी, दाङ र कास्की जिल्लामा अनुगमन सम्पन्न गरिएको। साथै, फैसला कार्यान्वयन सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम सुदुरपश्चिम प्रदेशको धनगढी र कोशी प्रदेशको विराटनगरमा सम्पन्न भएको।

६. फैसला कार्यान्वयन प्रतिवेदन प्रकाशन गरिएको।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लिखित जवाफ सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको।

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- राष्ट्रिय मानव अधिकार आयोगमा परेको उजुरीमा आयोगबाट निर्णय भै कार्यान्वयनका लागि लेखिआएका ११ वटा सिफारिसहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको।
- मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८३/८४-२०८७/८८) को मस्यौदाका बारेमा सुदुरपश्चिम, कर्णाली, लुम्बिनी र कोशी प्रदेशमा छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राय सुझाव संकलन गरिएको र नेपाल सरकारका मुख्य सचिवज्यूको समुपस्थितिमा संघीय मन्त्रालय, संवैधानिक आयोग र सम्बद्ध सरकारी निकायहरूको उपस्थितिमा उक्त मस्यौदा उपर छलफल गरी प्राप्त हुन आएका राय सुझावलाई समेटी कार्ययोजनालाई अन्तिम रुप दिई नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/३/२४ मा कार्ययोजना स्वीकृत भएको।

- राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म नेपाल सरकारको नाममा प्राप्त सिफारिस कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा परामर्श गरी प्राप्त सिफारिसको कार्यान्वयनको अवस्थाको विवरण अद्यावधिक गरी अभिलेखीकरण गरिएको।
- भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/३/२४ मा स्वीकृत भएको।
- Special Procedure अन्तर्गत Special Rapporteur हरूले विभिन्न विषयमा माग गरेका ८ वटा प्रश्नावली तथा प्रतिवेदन उपरको लिखित जवाफ (Input) तयारीका लागि सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएकोमा ५ वटा लिखित जवाफ परराष्ट्र मन्त्रालयमार्फत OHCHR मा पठाइएको।

## ६.प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

**<u>प्रवक्ताको विवरण</u>**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **हेमराज अर्याल** |  |
| **पद** | : | सहसचिव | |
| **महाशाखा** | : | जनशक्ति व्यवस्थापन महाशाखा | |
| **सम्पर्क नम्बर** | : | ९८५१२७०३३० | |
| **इमेलः** | : | spokesperson@opmcm.gov.np | |

**सहायक प्रवक्ता / सूचना अधिकारीको विवरण**

| | | |
|---|---|---|
| **नाम** | : | **सिर्जना शर्मा** |
| **पद** | : | उपसचिव |
| **शाखा** | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा |
| **सम्पर्क नम्बर** | : | ९८५१३३९५६४ |
| **इमेल** | : | suchanaadhikari@opmcm.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२

- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. वित्तीय प्रगति विवरण

**तालिका १**

**आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण**

| बर्गिकरण | ब.उ.शि.नं. | बार्षिक बजेट | चौथो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | | वित्तीय प्रगति (प्रतिशत) | |
| चालु | ३०१०००१२३ | ३८१,२६१,७७३.०० | ६८,४१९,३८४.३५ | १७.९५ | |
| | ३०१०००११३ | ८२,३००,०००.०० | १०,७०९,६५२.०० | १३.०१ | |
| **जम्मा** | | **४६३,५६१,७७३.००** | **७९,१२९,०३६.३५** | **१७.०७** | |
| पुँजीगत | ३०१०००१२४ | १७,४८२,०००.०० | ११,९३३,२९०.६० | ६८.२६ | |
| **जम्मा** | | **१७,४८२,०००.००** | **११,९३३,२९०.६०** | **६८.२६** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

https://www.opmcm.gov.np

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवम् ऐन, नियम, नीति निर्देशिकाहरू राखिएका छन्।

## १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी माग गरिएका ४९ वटा सूचना उपलब्ध गराइएको छ।